श्री ५ को सरकार

## सञ्चार मन्त्रालयको सूचना

### रेडियो सञ्चार (लाइसेन्स) नियमावली, २०४८

रेडियो ऐन, २०१४ को दफा १० ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "रेडियो सञ्चार (लाइसेन्स) नियमावली, २०४८" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा–

(क) "ऐन" भन्नाले रेडियो ऐन, २०१४ सम्झनु पर्छ।

(ख) "लाइसेन्स" भन्नाले नियम ४ बमोजिम दिइने रेडियो यन्त्रको लाइसेन्स सम्झनु पर्छ।

(ग) "लाइसेन्स दिने अधिकारी" भन्नाले श्री ५ को सरकार, सञ्चार मन्त्रालयले तोकिदिएको अधिकारी सम्झनु पर्छ।

(घ) "स्याटेलाइट रिसिभिङ्ग सिष्टम" भन्नाले अधिकांश भाग पृथ्वीको वायुमण्डल बाहिर रहने वा रहेको एक वा एक भन्दा बढी भू–उपग्रहहरू वा अन्तरिक्ष स्टेशनबाट सञ्चार प्राप्त गर्ने डिश एण्टेना लगायतका सञ्चार प्रणाली सम्झनु पर्छ।

(ङ) "एमेच्योर रेडियो" भन्नाले व्यक्तिगत लाभको उद्देश्य नराखी रेडियो प्रविधि सम्बन्धी आत्म-शिक्षा तथा अन्वेषणको उद्देश्यले इजाजत प्राप्त व्यक्तिहरूको बीच सञ्चार आदान प्रदान गर्न प्रयोग गरिने रेडियो यन्त्र सम्झनु पर्छ।

(च) "कर्डलेस टेलिफोन" भन्नाले घर वा कम्पाउण्डको सिमित दुरीभित्र सार्वजनिक टेलिफोन सेट विस्तारको लागि प्रयोग गरिने रेडियो यन्त्र सम्झनु पर्छ।

(छ) "स्याटेलाइट कम्यूनिकेशन सिष्टम" भन्नाले एक वा एक भन्दा बढी भू–उपग्रहहरूको प्रयोग गरी रेडियो सञ्चार आदान प्रदान गर्न सकिने, पृथ्वीको धरातल वा वायुमण्डलको अधिकांश भागभित्र अवस्थित सञ्चार प्रणालीलाई सम्झनु पर्छ।

२२०



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) एमेच्योर रेडियो कन्ट्रोल अपरेटर वा एमेच्योर रेडियो सञ्चालक हुनको लागि अनुसूची –४ (घ) बमोजिमको ढाँचामा,

(घ) रेडियो यन्त्र उत्पादन गर्नको लागि अनुसूची–५ बमोजिमको ढाँचामा र

(ङ) रेडियो यन्त्र बिक्री वितरण गर्नको लागि अनुसूची–६ बमोजिमको ढाँचामा ।

(२) उपनियम (१) बमोजिम लाइसेन्स दिंदा सार्वजनिक सञ्चार सेवामा प्रतिकूल असर पर्ने गरी दरखास्तवालालाई लाइसेन्स दिइने छैन ।

(३) उपनियम (१) बमोजिम लाइसेन्स दिंदा लाइसेन्सवालाले पालना गर्नु पर्ने आवश्यक शर्तहरू समेत तोकी दिन सक्नेछ ।

५. स्याटेलाइट रिसिभिंग सिष्टमः लाइसेन्स दिने अधिकारीले स्याटेलाइट रिसिभिंग सिष्टमको लाइसेन्स व्यक्तिगत वा सामूहिक रुपमा प्रयोग गर्न पाउने गरी दिन सक्नेछ ।

६. एमेच्योर रेडियोः (१) लाइसेन्स दिने अधिकारीले देहायका योग्यता पुगेका व्यक्तिलाई एमेच्योर रेडियो कन्ट्रोल अपरेटर वा एमेच्योर रेडियो सञ्चालकको लाइसेन्स दिन सक्नेछः-

(क) १६ वर्ष उमेर पुगेको नेपाली नागरिक,

(ख) नेपाली र अंग्रेजी दुवै भाषामा राम्रो बोल्न, लेख्न सक्ने, र

(ग) श्री ५ को सरकार, सञ्चार मन्त्रालयबाट स्वीकृत पाठ्यक्रम बमोजिम लिएको लिखित तथा मौखिक परीक्षामा उत्तीर्ण गरेको ।

(२) श्री ५ को सरकार, सञ्चार मन्त्रालयले उचित ठानेमा विदेशी नागरिकलाई समेत छोटो अवधिको लागि एमेच्योर रेडियो कन्ट्रोल अपरेटर वा एमेच्योर रेडियो सञ्चालकको लाइसेन्स दिन सक्नेछ ।

(३) उपनियम (१) वा (२) बमोजिम लाइसेन्स दिंदा लाइसेन्सको तह, श्रेणी र रेडियो फ्रिक्वेन्सीहरूको प्रयोग र अपरेटिङ स्टाण्डर्ड श्री ५को सरकार, सञ्चार मन्त्रालयबाट तोके बमोजिमको हुनेछ ।

७. कर्डलेस टेलिफोनः लाइसेन्स दिने अधिकारीले उचित ठह्र्याइएमा नियम १८ को खण्ड (ख) मा उल्लेख भएका कर्डलेस टेलिफोन बाहेक अन्य कर्डलेस टेलिफोन राख्न तथा प्रयोग गर्न पाउने गरी कर्डलेस टेलिफोनको लाइसेन्स दिन सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८. स्याटेलाइट कम्यूनिकेशन सिष्टमः– लाइसेन्स दिने अधिकारीले पर्वतारोहण अन्वेषण तथा यस्तै प्रकारका जोखिमपूर्ण विशेष काममा संलग्न व्यक्ति वा टोलीलाई निश्चित अवधिको लागि तोकिएको प्रयोजनको लागि मात्र स्याटेलाइट कम्यूनिकेशन सिष्टम राख्न तथा प्रयोग गर्न पाउने गरी स्याटेलाइट कम्यूनिकेशन सिष्टमको लाइसेन्स दिन सक्नेछ ।

९. लाइसेन्स दस्तूरः रेडियो यन्त्र राख्न तथा प्रयोग गर्न उत्पादन वा बिक्री वितरण गर्न वा एमेच्योर रेडियो कन्ट्रोल अपरेटर वा एमेच्योर रेडियो सञ्चालकको लागि दिइने लाइसेन्सको दस्तूर अनुसूची–७ मा उल्लेख भए बमोजिम हुनेछ ।

१०. लाइसेन्सको अवधि र नवीकरणः (१) लाइसेन्सको अवधि एक आर्थिक वर्षसम्म बहाल रहनेछ ।

(२) लाइसेन्स नवीकरण गराउन चाहने व्यक्तिले लाइसेन्स बहाल रहने अवधि भुक्तान नहुँदै नवीकरणको लागि अनुसूची–८ बमोजिमको ढाँचामा लाइसेन्स दिने अधिकारी समक्ष दरखास्त दिनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम लाइसेन्स नवीकरणको लागि पर्न आएको दरखास्त उपर लाइसेन्स दिने अधिकारीले नियम ९ बमोजिम लाग्ने दस्तूरको आधा दस्तूर लिई त्यस्तो लाइसेन्स नवीकरण गरी दिन सक्नेछ ।

(४) उपनियम (२) बमोजिमको म्याद भुक्तान भएपछि लाइसेन्स नवीकरण गर्न आएमा पहिलो एक महिना सम्मको लागि दश प्रतिशत, दोश्रो एक महिनासम्म बीस प्रतिशत, तेस्रो एक महिनासम्म तीस प्रतिशत, चौथो एक महिनासम्म चालीस प्रतिशत, पाँचौ एक महिनासम्म पचास प्रतिशत र छैठौं एक महिनासम्म शत प्रतिशत जरिवानासमेत लिई लाइसेन्स दिने अधिकारीले त्यस्तो लाइसेन्स नवीकरण गरी दिनेछ। ६ महिनाभित्र पनि लाइसेन्स नवीकरण नगराएमा त्यस्तो लाइसेन्स स्वतः रद्द हुनेछ ।

(५) उपनियम (२) र (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि छोटो अवधिको निमित्त दिइने लाइसेन्स सो लाइसेन्समा उल्लेखित अवधिसम्म मात्र बहाल रहनेछ ।

११. लाइसेन्स दस्तूर नवीकरण दस्तूर नलाग्नेः देहायका संघ, संस्थान, निकाय, नियोग वा कार्यालयले प्रयोग गर्ने रेडियो यन्त्रहरूमा नियम ९ र १० बमोजिम लाग्ने लाइसेन्स दस्तूर तथा नवीकरण दस्तूर लाग्ने छैन :–



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) श्री ५ को सरकारको मन्त्रालय, विभाग, कार्यालय, आयोजना आदि।

(ख) श्री ५ को सरकार, सञ्चार मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी यस नियमावली बमोजिम लाइसेन्स दस्तूर तथा नवीकरण दस्तूर नलाग्ने भनि तोकिदिएको अन्य संघ, संस्था, निकाय, नियोग वा व्यक्ति ।

१२. विवरण बदल्नु परेमाः (१) यस नियमावली बमोजिम प्राप्त लाइसेन्समा उल्लेखित विवरण बदल्नु परेमा लाइसेन्सवालाले अनुसूची–९ बमोजिमको ढाँचामा लाइसेन्स दिने अधिकारी समक्ष दरखास्त दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम लाइसेन्सको विवरण बदल्नको निमित्त एक सय रूपैयाँ दस्तूर लाग्नेछ ।

१३. नामसारी : (१) लाइसेन्स प्राप्त रेडियो यन्त्र बिक्री गरेमा वा अन्य तवरले हक छाडेमा हक छाड्ने र हक पाउने दुवैले सो भए गरेको मितिले पैंतीस दिन-भित्र लाइसेन्स दिने अधिकारी समक्ष अनुसूची–१० बमोजिमको ढाँचामा रेडियो यन्त्र नामसारीको लिमित्त दरखास्त दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम नामसारीको दरखास्त प्राप्त भएपछि नामसारीबाट हक प्राप्त गर्ने व्यक्ति त्यस्तो लाइसेन्स पाउन उपयुक्त देखिएमा लाइसेन्स दिने अधिकारीले सोही बमोजिम नामसारी गरिदिई आफ्नो कार्यालयमा रहेको लाइसेन्सको विवरण समेत दुरुस्त राख्नु पर्नेछ ।

१४. निरीक्षण गर्न सक्नेः (१) लाइसेन्स दिने अधिकारीले तोकेको अधिकारीले दरखास्तको विवरण वा लाइसेन्सवालाले पालना गर्नु पर्ने शर्तहरू पालना गरे नगरेको सम्बन्धमा निरीक्षण तथा छानबिन गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम निरीक्षण गर्दा कुनै कैफियत देखिएमा त्यस्तो कैफियत सुधार गर्न एक पटक मनासिब माफिकको मौका दिइनेछ ।

(३) उपनियम (२) बमोजिमको मौका दिंदा पनि त्यस्तो कैफियत सुधार गरेको नदेखिएमा निरीक्षण गर्ने अधिकारीको सिफारिशमा लाइसेन्स दिने अधिकारीले त्यस्तो लाइसेन्स रद्द गर्न सक्नेछ ।

१५. मनिटरिंग गर्न सक्नेः यस नियम वा लाइसेन्समा तोकिएका शर्तहरू बमोजिम रेडियो फ्रिक्वेन्सीहरूको उचित प्रयोग भए नभएको वा कुनै प्रकारको अनधिकृत प्रयोग समेत भएको भए सो समेत पत्ता लगाई कार्यवाही गर्न गराउन लाइसेन्स दिने अधिकारीले मनिटरिंगको व्यवस्था गर्न, गराउन सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१६. विवरण राख्नु पर्नेः (१) यस नियमावली बमोजिम रेडियो यन्त्र बिक्री वितरण गर्न लाइसेन्स प्राप्त गर्नेले सो बिक्री वितरण गरेको मिति, रेडियो यन्त्रको किसिम, खरिद कर्ताको नाम तथा स्थायी ठेगाना सहितको विवरण स्पष्ट खुल्ने गरी रजिष्टर राख्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको विवरण प्रत्येक ६ महिनामा लाइसेन्स दिने अधिकारी समक्ष पठाउनु पर्नेछ ।

१७. लाइसेन्सको प्रतिलिपि दिनेः यस नियमावली बमोजिम जारी गरिएको लाइसेन्स हराएमा वा दैवीप्रकोप परी मासिएमा वा पुरानो भई च्यातिएमा वा नवीकरण गर्ने ठाउँ समाप्त भई फेर्नु पर्ने भएमा लाइसेन्स दिने अधिकारीले एक सय रूपैया दस्तूर लिई त्यस्तो लाइसेन्सको प्रतिलिपि दिन सक्नेछ ।

१८. लाइसेन्स लिनु नपर्नेः देहायका रेडियो यन्त्र राख्न तथा प्रयोग गर्नको लागि लाइसेन्स लिनु पर्ने छैन ।

(क) रेडियो वा टेलिभिजन प्रसारणहरू सुन्ने वा सुन्ने देखिने संयन्त्रहरू,

(ख) श्री ५ को सरकार, संचार मन्त्रालयले स्तर निर्धारण गरी निश्चित गरी दिएको रेडियो कन्ट्रोल खेलौना, कर्डलेस माइक्रोफोन र ३० मिटर दूरी भन्दा कम क्षमताको कर्डलेस टेलिफोन र

(ग) श्री ५ को सरकार, सञ्चार मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएका अन्य रेडियो यन्त्र ।

१९. लगत कट्टा गर्नेः रेडियो यन्त्र बिग्री काम नलाग्ने भएमा वा हराएमा वा रेडियो यन्त्रको बिक्रेता वा निर्माताले त्यस्तो रेडियो यन्त्र बिक्री गर्न वा उत्पादन गर्ने कार्य छोडेमा सो भए गरेको मितिले पैंतीस दिनभित्र सो कुराको सूचना लाइसेन्स दिने अधिकारी समक्ष दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको सूचना प्राप्त भएपछि लाइसेन्स दिने अधिकारीले आवश्यक देखेमा जाँचबूझ समेत गरी त्यस्तो रेडियो यन्त्रको लाइसेन्सको लगत कट्टा गर्नु पर्नेछ ।

२०. पुनः दर्ताः रेडियो यन्त्र बिग्री वा हराइ नियम १९ बमोजिम लगत कट्टा गराइ सकेपछि त्यस्तो बिग्रेको रेडियो यन्त्र मर्मत गरी फेरि काम लाग्ने भएमा वा हराएको रेडियो यन्त्र फेला परेमा त्यस्तो रेडियो यन्त्र राख्ने व्यक्तिले यसरी काम लाग्ने भएको वा फेला परेको मितिले पैंतीस दिनभित्र नियम ३ बमोजिम दरखास्त दिई पुनः लाइसेन्स लिनु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२१. लाइसेन्सवाला जवाफदेही हुनेः यस नियमावली बमोजिम लाइसेन्स प्राप्त गर्नेले रेडियो यन्त्रको प्रयोग गर्दा कसैको हक हितमा प्रतिकूल असर पर्न गएमा त्यसको जवाफदेही सम्बन्धित लाइसेन्सवाला हुनेछ ।

२२. समिति गठन गर्न सक्नेः यस नियमावली बमोजिम श्री ५ को सरकार, सञ्चार मन्त्रालयले गर्ने कामका सम्बन्धमा सरसल्लाह र सुझाव दिन श्री ५ को सरकार, सञ्चार मन्त्रालयले आवश्यक ठानेमा एक समिति गठन गर्न सक्नेछ । समितिको काम, कर्तव्य र कार्यविधि सो समिति गठन गर्दाको अवस्थामा नै तोकिनेछ ।

२३. यस नियमावली बमोजिम लाइसेन्स लिनु पर्नेः (१) यो नियमावली प्रारम्भ हुनु भन्दा अघि कसैले लाइसेन्स नलिई रेडियो यन्त्र राखेको रहेछ भने, त्यस्तो व्यक्तिले यो नियमावली प्रारम्भ भएको मितिले पैंतीस दिनभित्र नियम ३ बमोजिम लाइसेन्स लिनु पर्नेछ ।

(२) यो नियमावली प्रारम्भ हुनु भन्दा अघि लिएको रेडियो यन्त्रको लाइसेन्स यो नियमावली प्रारम्भ भएपछि यसै नियमावली बमोजिम लिएको मानिनेछ ।

२४. अनुसूचीमा हेरफेरः श्री ५ को सरकार, सञ्चार मन्त्रालयले यस नियमावलीको अनुसूचीमा हेरफेर वा थपघट गर्न आवश्यक देखेमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी हेरफेर वा थपघट गर्न सक्नेछ ।

२५. अधिकार प्रत्यायोजनः यस नियमावली बमोजिम आफूलाई प्राप्त भएको अधिकार श्री ५ को सरकार, सञ्चार मन्त्रालयले अन्य कुनै निकाय वा अधिकारी-ले प्रयोग गर्न पाउने गरी प्रत्यायोजन गर्न सक्नेछ ।

२६. खारेजीः रेडियो (लाइसेन्स) नियमावली, २०२६ खारेज गरिएको छ ।

२२६



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची–१ (क)

(नियम ३ संग सम्बन्धित)

स्याटेलाइट रिसिभिंग सिष्टम । स्याटेलाइट कम्युनिकेशन सिष्टम (अर्थ स्टेशन) को लाइसेन्सको लागि

**दरखास्त**

श्री .. ... ... ... ...

स्याटेलाइट रिसिभिंग सिष्टम । स्याटेलाइट कम्यूनिकेशन सिष्टम (अर्थ स्टेशन) राख्न तथा प्रयोग गर्नको लागि देहायका विवरणहरू खुलाइ प्रोफर्मा इन्भवाइस र टेक्निकल स्पेसिफिकेशनको प्रतिलिपि समेत संलग्न गरी स्याटेलाइट रिसिभिंग सिष्टम । स्याटेलाइट कम्यूनिकेशन सिष्टमको लाइसेन्स पाउनको लागि अनुरोध गर्दछु ।

१. प्रयोग गर्नु पर्ने उद्देश्य र कारणः–

२. प्रयोग गर्न चाहेको सिष्टमको विवरणः–

(क) निर्माताको नामः–

(ख) मोडेल नं. :–

(ग) सिरियल नं. :–

(घ) साइज र अन्य विवरणः–

(ङ) एण्टेना सम्बन्धी विवरणः–

३. प्रयोग गरिने ठाउँः–

४. आर. एफ. फ्रिक्वेन्सी रेन्ज । प्रयोग गर्ने फ्रिक्वेन्सीः–

५. कुन स्याटेलाइटको माध्यमबाट के कस्तो सञ्चार आदान-प्रदान गर्ने होः–

६. प्रयोग भइरहेको भए कुन मितिदेखि प्रयोग भइरहेको होः–

७. प्रयोगः–

(क) व्यक्तिगतः–

(ख) सामुहिकः–

८. सामुहिक रुपमा प्रयोग गरिने भए प्रयोगकर्ताहरूको नाम र अन्य विवरण (नाम यसैसाथ संलग्न गरे हुने):–

९. घर बहालमा लिई रेडियो यन्त्र राख्ने वा प्रयोग गर्ने भए घर धनीको स्वीकृति भए नभएकोः–

(घर धनीको स्वीकृति पत्र यसैसाथ संलग्न गर्नु पर्ने)

१०. आयात गरिने देशको नामः–

११. आयात हुने भन्सार कार्यालयको नामः–

दरखास्तवालाको

सहीः–

नामः–

ठेगानाः–

मितिः–



226

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

### अनुसूची–१(ख)
### (नियम ३ संग सम्बन्धित)
### कर्डलेस टेलिफोन लाइसेन्सको लागि
### दरखास्त

श्री........................
...................

कर्डलेस टेलिफोन राख्न तथा प्रयोग गर्नको लागि देहायका विवरणहरू खु[illegible] प्रोफर्मा इन्भ्वाइस र टेक्निकल स्पेसिफिकेशनको प्रतिलिपि समेत संलग्न गरी कर्डलेस टेलिफोनको लाइसेन्स पाउनको निमित्त अनुरोध गर्दछु ।

१. कर्डलेस टेलिफोनको विवरणः–
   (क) यन्त्रको निर्माताः–
   (ख) मोडेल नं.ः–
   (ग) सिरियल नं. आदिः–
२. प्रयोग गर्ने फ्रिक्वेन्सीः–
३. प्रयोग गर्ने प्रणालीः–
४. ट्रान्समिटर पावरः–
५ प्रयोग गरिने क्षेत्रः–
६. दरखास्तवालाले प्राप्त गरेको सार्वजनिक दूर सञ्चार टेलिफोनः–
७. अन्य विशेषः–

दरखास्तवालाको

सहीः–
नामः–
ठेगानाः–
मितिः–

22C



मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची–१(ग)

(नियम ३ सँग सम्बन्धित)

स्याटेलाइट रिसिभिङ्ग सिष्टम वा स्याटेलाइट कम्यूनिकेशन सिष्टम (अर्थ स्टेशन), कर्डलेस टेलिफोन र एमेच्योर रेडियो कन्ट्रोल अपरेटर वा एमेच्योर रेडियो सञ्चालक बाहेकका अन्य रेडियो यन्त्रको लागि

**दरखास्त**

श्री .... .... .... .... ....

.... .... .... ....

देहायका रेडियो यन्त्र राख्न तथा प्रयोग गर्नको लागि देहायका विवरणहरू खुलाइ प्रोफर्मा इन्भ्वाइस र टेक्निकल स्पेसिफिकेशनको प्रतिलिपि समेत संलग्न गरी रेडियो यन्त्रको लाइसेन्स पाउनको लागि अनुरोध गर्दछु।

१. रेडियो यन्त्र प्रयोग गर्नाको उद्देश्य एवं कारणः–

२. प्रयोग गर्ने स्थानः–

३. प्रयोग गरिने फ्रिक्वेन्सीः–

४. प्रयोग गर्ने अनुमानित मितिः–

५. रेडियो यन्त्रको विवरणः–

(क) निर्माताः

(ख) मोडेल नं.ः–

(ग) सिरियल नं. आदिः–

६. स्टेशनको प्रकारः–

७. प्रयोग गरिने प्रणालीको प्रकारः–

८. प्रयोग गरिने समयः–

९. अन्य विवरणः–

(क)

(ख)

(ग)

दरखास्तवालाको

सहीः–

नाम–

ठेगानाः–

मितिः–



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची–१(घ)

(नियम ३ सँग सम्बन्धित)

एमेच्योर रेडियो कन्ट्रोल अपरेटर । एमेच्योर रेडियो सञ्चालकको लाइसेन्सको लागि

दरखास्त

श्री ....................

एमेच्योर रेडियो कन्ट्रोल अपरेटर । एमेच्योर रेडियो सञ्चालक हुनको लागि देहायको विवरणहरू खुलाइ प्रोफर्मा इन्भ्वाइस र टेक्निकल स्पेसिफिकेशनको प्रतिलिपि समेत संलग्न गरी एमेच्योर रेडियो कन्ट्रोल अपरेटर । एमेच्योर रेडियो सञ्चालकको लाइसेन्स पाउनको निमित्त अनुरोध गर्दछु ।

१. एमेच्योर रेडियो कन्ट्रोल अपरेटर।एमेच्योर रेडियो सञ्चालक हुनको उद्देश्यः–

२. एमेच्योर रेडियो राख्ने प्रयोग गर्ने । सञ्चालन गर्ने ठाउँ :–

३. एमेच्योर रेडियोको विवरणः–

(क) स्थायी । अस्थायीः–

(ख) एमेच्योर रेडियो सम्बन्धी ज्ञानः सैद्धान्तिक । व्यवहारिकः–

(ग) इलेक्ट्रोनिक र रेडियो कम्युनिकेशन सम्बन्धी ज्ञानः–

(घ) प्रयोग गर्ने फ्रिक्वेन्सीः–

(ङ) प्रयोग गर्ने प्रणालीः–

(च) ट्रान्समिटर पावरः–

४. अन्य विवरणः–

(क)

(ख)

(ग)

दरखास्तवालाको

सहीः–

नामः–

ठेगानाः–

मितिः–

230



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची–२
(नियम ३ सँग सम्बन्धित)
रेडियो यन्त्र उत्पादन गर्नको लागि
दरखास्त

रेडियो यन्त्र उत्पादन गर्नको लागि देहायका विवरणहरू खुलाइ सम्बन्धित रेडियो यन्त्रको डिजाइन तथा टेक्निकल स्पेसिफिकेशन समेत संलग्न गरी देहायको रेडियो यन्त्रको उत्पादनको लाइसेन्स पाउनको निमित्त अनुरोध गर्दछु ।

१. उत्पादन गरिने रेडियो यन्त्रको विवरणः–
   (क) नामः–
   (ख) किसिमः–
   (ग) मोडेलः–
   (घ) शक्ति (वाट्स)ः–
   (ङ) फ्रिक्वेन्सी रेन्जः–
२. वार्षिक उत्पादन गर्ने अनुमानित संख्याः–
३. उत्पादन गर्न आवश्यक सुविधाहरूको विवरणः–
४. उद्योगको किसिमः–
५. उत्पादन शुरू हुने मितिः–
६. उत्पादन स्थलः–
७. अन्य विवरणः–
   (क)
   (ख)
   (ग)

दरखास्तवालाको
सहीः–
नामः–
ठेगानाः–
मितिः–



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

अनुसूची–३
(नियम ३ सँग सम्बन्धित)
रेडियो यन्त्र बिक्री विरतण गर्नको लागि

दरखास्त

श्री......................
......................

रेडियो यन्त्र बिक्री वितरण गर्नको लागि देहायका विवरणहरू खुलाइ देहायको रेडियो यन्त्र बिक्री वितरण गर्नको लागि लाइसेन्स पाउनको निमित्त अनुरोध गर्दछु।

१. बिक्री वितरण गर्ने रेडियो यन्त्रको विवरणः–
   (क) नामः–
   (ख) किसिमः–
   (ग) शक्ति (वाट्स)ः–
   (घ) फ्रिक्वेन्सी रेन्जः–
२. वार्षिक बिक्री वितरण गर्ने अनुमानित संख्याः–
३. बिक्री वितरण शुरू हुने मितिः–
४. बिक्री वितरण गर्ने स्थलः–
५. अन्य विवरणः–
   (क)
   (ख)
   (ग)

दरखास्तवालाको
नाम :–
सहीः–
ठेगानाः–
मितिः–



232

मुद्रण विभाग, सिंहदरबार
अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची–४(क)

(नियम ४ सँग सम्बन्धित)

स्याटेलाइट रिसिभिङ्ग सिष्टम/स्याटेलाइट कम्यूनिकेशन सिष्टम (अर्थ स्टेशन) को

### लाइसेन्स

देहायका व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई निम्न लिखित शर्तहरू पालन गर्ने गरी निम्न विवरणको स्याटेलाइट रिसिभिङ्ग सिष्टम।स्याटेलाइट कम्यूनिकेशन सिष्टम (अर्थ स्टेशन) राख्न तथा प्रयोग गर्न पाउने गरी यो लाइसेन्स दिइएको छ।

१. व्यक्ति, फर्म, कम्पनी वा संस्थाको नामः–

२. ठेगानाः–

३. लाइसेन्स नं.:–

४. जडान हुने स्थानः–

५. अर्थ स्टेशन स्याटेलाइट सिष्टमको विवरणः–

(क) निर्माताको नामः–

(ख) मोडेल नं.:–

(ग) साइज र अन्य विवरणः–

(घ) एण्टेनाको विवरणः–

६. इनपुट फ्रिक्वेन्सी रेन्ज । प्रयोग गरिने फ्रिक्वेन्सीः–

७. कुन स्याटेलाइटको माध्यमबाट कस्तो सञ्चार आदान-प्रदान गर्नेः–

८. प्रयोगः–

(क) व्यक्तिगतः–

(ख) सामूहिकः–

९. सामूहिक रूपमा प्रयोग गरिने भए जोडिने लाइन संख्या र व्यक्तिहरूको नामः–

१०. लाइसेन्सवालाले पालन गर्नुपर्ने शर्तहरूः–

(क) सार्वजनिक सडक, बिजुली, सार्वजनिक सञ्चारलाई असर पार्न नपाउने गरी निजी घर कम्पाउण्डभित्र मात्र वितरण गर्नु पर्नेछ।

(ख) आम जनताको लागि प्रसारण भएको प्राप्त प्रसारण सामाग्री बाहेक अन्य कुनै प्रकारको प्रसारण सामाग्रीहरू वितरण वा प्रसारण गर्न पाइने छैन।



मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) मुनाफा वा शुल्क आदि लिई फाईदा लिन वा व्यापारिक प्रयोग गर्न पाइने छैन ।

कार्यालयको छापः– लाइसेन्स दिने अधिकारीको

सहीः–
नामः–
दर्जाः–
मितिः–

नवीकरणको विवरण

| आर्थिक वर्ष | नवीकरण दस्तूर तथा अन्य विवरण | नवीकरण मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|
| | | | |



मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची–४ (ख)
(नियम ४ सँग सम्बन्धित)

### कर्डलेस टेलिफोनको लाइसेन्स

देहायका व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई निम्न लिखित शर्तहरू पालना गर्ने गरी कर्डलेस टेलिफोन राख्न तथा प्रयोग गर्न पाउने गरी यो लाइसेन्स दिइएको छ।

१. व्यक्ति, फर्म, कम्पनी वा संस्थाको नामः–

२. ठेगानाः–

लाइसेन्स नं.:–

४. कर्डलेस टेलिफोनको विवरणः–

(क) सार्वजनिक टेलिफोन नं.:–

(ख) निर्माताः–

(ग) मोडेल नं.:–

(घ) सिरियल नं.:–

(ङ) आर.एफ. पावर आउटपुट। एण्टेना साइजः–

५. प्रयोग गर्ने क्षेत्रः–

६. लाइसेन्सवालाले पालना गर्नुपर्ने शर्तहरूः–

(क) तोकिएको क्षेत्र बाहेक अन्य क्षेत्रमा कर्डलेस टेलिफोन प्रयोग गर्न पाइने छैन।

(ख) तोकिएको बाहेक अन्य सार्वजनिक टेलिफोन नम्बरसँग मिलान गरी प्रयोग गर्न पाइने छैन।

कार्यालयको छापः

लाइसेन्स दिने अधिकारीको

सहीः–

नामः–

दर्जाः–

मितिः–

### नवीकरणको विवरण

| आर्थिक वर्ष | नवीकरण दस्तूर तथा अन्य विवरण | नवीकरण मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|
| | | | |

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची–४(ग)

(नियम ४ सँग सम्बन्धित)

स्याटेलाइट रिसिभिङ्ग वा स्याटेलाइट कम्यूनिकेशन सिष्टम (अर्थ स्टेशन) कर्डलेस टेलिफोन र एमेच्योर रेडियो कन्ट्रोल अपरेटर वा ऐमेच्योर रेडियो सञ्चालक बाहेकका अन्य रेडियो यन्त्र राख्न तथा प्रयोग गर्नको लागि

### लाइसेन्स

देहायका व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई निम्न लिखित शर्तहरू पालना गर्ने गरी निम्न विवरणको रेडियो यन्त्र राख्न तथा प्रयोग गर्न पाउने गरी यो लाइसेन्स दिइएको छ ।

१. व्यक्ति, फर्म, कम्पनी वा संस्थाको नामः–
२. ठेगानाः–
३. लाइसेन्स नं.ः–
४. प्रयोग गरिने स्थानः–
५. प्रयोगको उद्देश्यः–
६. प्रयोग गर्ने स्थानः–
७. प्रयोग गरिने फ्रिक्वेन्सीः–
८. रेडियो यन्त्रको विवरणः–
(क)
(ख)
(ग)
(घ)
९. प्रयोग गर्ने मितिः–
१०. स्टेशनको प्रकारः–
११. प्रयोग गरिने प्रणालीः–
१२. प्रयोग गरिने समयः–

२३६



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१३. लाइसेन्सवालाले पालना गर्नुपर्ने शर्तहरू:–

(क)

(ख)

(ग)

लाइसेन्स दिने अधिकारीको

कार्यालयको छाप:– सही:–

नाम:–

दर्जा:–

मिति:–

## नवीकरणको विवरण

| आर्थिक वर्ष | नवीकरण दस्तूर तथा अन्य विवरण | नवीकरण मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|
| | | | |

236.



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

## अनुसूची–४(घ)

(नियम ४ सँग सम्बन्धित)

### एमेच्योर रेडियो कन्ट्रोल अपरेटर वा एमेच्योर रेडियो सञ्चालकको लाइसेन्स

देहायको व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई निम्नलिखित शर्तहरू पालना गर्ने गरी निम्न विवरणको एमेच्योर रेडियो कन्ट्रोल अपरेटर।एमेच्योर रेडियो सञ्चालकको लाइसेन्स दिएको छ ।

१. व्यक्ति, फर्म, कम्पनी वा संस्थाको नामः–

२. ठेगानाः–

३. लाइसेन्स नं.:–

४. एमेच्योर रेडियोको विवरणः–

(क)

(ख)

(ग)

(घ)

५. एमेच्योर रेडियो स्टेशन स्थानः–

६. लाइसेन्सवालाले पालना गर्नु पर्ने शर्तहरूः–

(क) आर्थिक लाभको उद्देश्यले आफ्नो वा कसैको कुनै खबर समाचार आदान प्रदान गर्न पाइने छैन ।

(ख) इजाजत प्राप्त व्यक्ति बीच आत्म शिक्षा र रेडियो प्रविधिको अन्वेषण गर्ने उद्देश्यबाट मात्र संचार आदान प्रदान गर्नु पर्नेछ ।

(ग) दैवीप्रकोप वा आकस्मिक घटना परेमा वा सार्वजनिक दूर संचार साधन समेत उपलब्ध नभएको अवस्थामा श्री ५ को सरकार संचार मन्त्रालयबाट स्वीकृति लिएर तेस्रो पक्षको कुनै सन्देश आदान प्रदान गर्न खण्ड (ख) ले कुनै रोक लगाएको मानिने छैन ।

(घ) कसैले गैर कानूनी प्रसारण गरेको लाइसेन्सवालाले थाहा पाएमा श्री ५ को सरकार, सञ्चार मन्त्रालयलाई तत्काल जानकारी दिनु पर्नेछ र त्यस्तो कुनै कुराको सम्बन्धमा श्री ५ को सरकार, सञ्चार मन्त्रालयबाट मद्दत मागेमा त्यस्तो कुराको सूचना दिनु लाइसेन्सवालाको कर्तव्य हुनेछ ।

23C



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) श्री ५ को सरकार, सञ्चार मन्त्रालयबाट तोकि दिएको अपरेटिङ्गस्तर अनुरूप सञ्चालन गर्नु पर्नेछ ।

(च) सबै प्रसारणमा प्रत्येक १० मिनेटको अवधि ननाध्ने गरी आफ्नो कल साइन पटक-पटक उल्लेख गर्नु पर्नेछ ।

(छ) आफूले रेडियोमा सम्पर्क राखेको एमेच्योरको लगबूक श्री ५ को सरकार, सञ्चार मन्त्रालयबाट तोकी दिएको ढाँचामा राख्नु पर्नेछ ।

(ज) अन्य कुनै पनि एमेच्योर रेडियो अपरेटरसँग क्यू. एस. एल. कार्ड पठाउन खर्चको रूपमा कुनै नगदी वा जिन्सी माग गर्न वा लिन पाइने छैन । यदि विदेशी नागरिकबाट अन्तरराष्ट्रिय जवाफी कुपन वा नगद प्राप्त भएमा त्यस्तो कुपन वा नगद सञ्चार मन्त्रालयमा बुझाउनु पर्नेछ ।

(झ) आफूले राखेको वा प्रयोग गरेको स्टेशन आफूले वा अन्य एमेच्योर रेडियो सञ्चालकहरूलाई सञ्चालन गर्न दिएको भए सोको समेत स्पष्ट विवरण सहितको लगबूक श्री ५ को सरकार, सञ्चार मन्त्रालयबाट तोकि दिएको ढाँचामा राख्नु पर्नेछ र त्यस्तो लगबूक प्रत्येक ६।६ महिनामा सञ्चार मन्त्रालयमा अनिवार्य रूपमा बुझाउनु पर्नेछ ।

७. प्रयोग गर्न पाउने फ्रिक्वेन्सीहरू:–

८. कल साइन:–

लाइसेन्स दिने अधिकारीको

कार्यालयको छाप

सही:–

नाम:–

दर्जा:–

मिति:–

## नवीकरणको विवरण

| आर्थिक वर्ष | नवीकरण दस्तूर तथा अन्य विवरण | नवीकरण मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|
| | | | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची –५

(नियम ४ सँग सम्बन्धित)

रेडियो यन्त्र उत्पादनको

लाइसेन्स

देहायका व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई निम्नलिखित शर्तहरू पालना गर्ने गरी निम्न विवरणको रेडियो यन्त्र उत्पादन गर्न पाउने गरी यो लाइसेन्स दिइएको छ ।

१. व्यक्ति, फर्म, कम्पनी वा संस्थाको नामः–

२. ठेगानाः–

३. लाइसेन्स नं.ः–

४. रेडियो यन्त्रको विवरणः–

(क) नामः–

(ख) किसिमः–

(ग) फ्रिक्वेन्सी रेन्जः–

५. उत्पादन गर्ने स्थलः–

६. लाइसेन्सवालाले पालना गर्नु पर्ने शर्तहरूः–

(क)

(ख)

लाइसेन्स दिने अधिकारीको

सहीः–

नामः–

ठेगानाः–

मितिः–

कार्यालयको छापः–

नवीकरणको विवरण

| आर्थिक वर्ष | नवीकरण दस्तूर तथा अन्य विवरण | मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत |
| --- | --- | --- | --- |
| | | | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची–६
(नियम ४ सँग सम्बन्धित)
रेडियो यन्त्र बिक्री वितरण गर्नको लागि
लाइसेन्स

देहायका व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई निम्न शर्तहरू पालना गर्ने गरी निम्न विवरणको रेडियो यन्त्र बिक्री वितरण गर्न पाउने गरी यो लाइसेन्स दिइएको छ।

१. व्यक्ति, फर्म, कम्पनी वा संस्थाको नामः–
२. ठेगानाः–
३. लाइसेन्स नं.ः–
४. रेडियो यन्त्रको विवरणः–
(क) नामः–
(ख) किसिमः–
(ग) फ्रिक्वेन्सी रेन्जः–
५. बिक्री वितरण गर्ने स्थलः–
६. लाइसेन्सवालाले पालना गर्नु पर्ने शर्तहरूः–
(क)
(ख)

लाइसेन्स दिने अधिकारीको
सहीः–
कार्यालयको छापः– नामः–
दर्जाः–
मितिः–

नवीकरणको विवरण

| आर्थिक वर्ष | नवीकरण दस्तूर तथा अन्य विवरण | मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|
| | | | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

अनुसूची–७
(नियम ९ सँग सम्बन्धित)
रेडियो यन्त्रको लाइसेन्स दस्तूर

(अ) रेडियो यन्त्र राख्न तथा प्रयोग गर्नको लागि लाग्ने लाइसेन्स दस्तूरः

देहायका रेडियो यन्त्र राख्न तथा प्रयोग गर्नको लागि नेपाली नागरिकहरूलाई देहाय बमोजिमको लाइसेन्स दस्तूर लाग्नेछः–

(१) आम जनताको लागि प्रसारण गरिएको रेडियो वा टि. भी. प्रसार प्राप्त गर्न मात्र सक्ने स्याटेलाइट रिसिभिंग सिष्टम (डिस ए[illegible] समेत) को लागि :–

(क) व्यक्तिगत रु. १,०००।–

(ख) सामूहिक

(१) २० लाईन सम्मको लागि रु. ४,०००।–

(२) २० लाइन भन्दा बढीको लागि प्रति लाइन रु. ४००।–

(ग) अन्य प्रकारको सञ्चार प्राप्त गर्न सक्ने स्याटेलाइट रिसिभिंग सिष्टमको लागि रु. १२,०००।–

(२) स्याटेलाइट कम्यूनिकेशन सिष्टम वा अर्थ स्टेशनको लागिः–

(क) एउटा मात्र भ्वाइस च्यानल प्रयोग गर्ने क्षमता भएको स्याटेलाइट कम्यूनिकेशन सिष्टम वा अर्थ स्टेशनको लागि रु. ३०,०००।–
र प्रत्येक थप टर्मिनल सुविधाको लागि थप अतिरिक्त दस्तूर रु. ५००।–, ५,०००।– सम्म

(ख) एकभन्दा बढी तर २ सम्म भ्वाइस च्यानल प्रयोग गर्ने क्षमता भएको अर्थ स्टेशनको लागि रु. ६०,०००।–
र प्रत्येक थप टर्मिनल सुविधाको लागि थप अतिरिक्त दस्तूर रु. ५००।–, ५,०००।– सम्म

(ग) पुरै ट्रान्सपोण्डर प्रयोग गर्ने क्षमता भएको अर्थ स्टेशनको लागि रु. १,००,०००।–


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) एरोनटिकल स्टेशनको लागिः– रू. १,०००।–

(४) वायुयान (एयरक्राफ्ट स्टेशन)को लागिः– रू. ३,०००।–

(५) बेस (आधार) स्टेशनको लागिः–

(क) ५ वाटसम्म आर. एफ. आउट पुट पावरको लागि रू. २००।–

(ख) ५ वाटदेखि २५ वाटसम्म आर.एफ. आउट पुट पावरको लागि रू. ३००।–

(ग) २५ वाटदेखि आर. एफ. आउट पुट पावरभन्दा माथि रू. २,०००।–

(घ) बेस स्टेशनसँग सम्पर्क गर्ने वा अन्य स्थिर वा चल ( मोबाइल ) स्टेशनहरूको संख्या ५ र २५ वाट आर. एफ. पावर आउट पुट सम्मको लागि प्रति स्टेशन रू. २००।–

सो भन्दा बढी संख्या र २५ वाटदेखि ५० वाट आर. एफ. पावर आउट पुट सम्मको लागि प्रति स्टेशन रू. ५००।–

(६) अचल स्टेशन (फिक्सड स्टेशन) को लागिः–

(क) ३० मेगाहर्ज भन्दा मुनि एक वा दुईसम्म ट्रान्समिटिङ्ग फ्रिक्वेन्सीहरू प्रयोग गर्न सकिने २५ वाट सम्म आर. एफ. पावरको आउट पुट क्षमताको अचल स्टेशनको लागि रू. १,०००।–

र ५० आर.एफ. पावरको आउटपुटदेखि माथिको अचल स्टेशनको लागि रू. १,५००।–

(ख) ३० मेगाहर्जदेखि १०.५ गिगाहर्जभित्र एक वा दुईसम्म ट्रान्समिटिङ्ग फ्रिक्वेन्सीहरू प्रयोग गर्न सकिने अचल स्टेशनको लागि निम्नबमोजिम खास ओगटेको आर. एफ. रेडियो फ्रिक्वेन्सी ब्याण्ड विथको आधारमा–

(१) ३६ कि. हर्जभन्दा कम रू. ५००।–



मुद्रण विभाग
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | |
|---|---|
| (२) ३६ कि. हर्जदेखि ४०० कि. हर्जसम्म | रू. २,०००।– |
| (३) ४०० कि. हर्जदेखि २,८०० कि. हर्जसम्म | रू. ४,०००।– |
| (४) २,८०० कि. हर्जदेखि १०,००० कि. हर्जसम्म | रू. ६,०००।– |
| (५) १०,००० कि. हर्जदेखि २०,००० कि. हर्जसम्म | रू. १०,०००।– |
| (६) २०,००० कि. हर्जदेखि ४०,००० कि. हर्जसम्म | रू. ३०,०००।– |
| (७) ४०,००० कि. हर्जदेखि ८०,००० कि. हर्जसम्म | रू. ५०,०००।– |
| (८) ८०,००० कि. हर्जदेखि १,६०,००० कि. हर्जसम्म | रू. ८०,०००।– |
| (९) १,६०,००० कि. हर्जभन्दा बढी भए | रू. १,००,०००।– |
| (१०) १०.५ गिगाहर्जभन्दा माथि १५.३५ गिगाहर्जसम्म, एउटै मात्र फ्रिक्वेन्सी प्रयोग गर्न सकिने र २० मेगाहर्ज भन्दा कम आर.एफ. व्याण्ड विथको ओगट्ने प्रति स्टेशन | रू. २,०००।– |
| (११) १०.५ गिगाहर्जभन्दा माथि १५.३५ गिगाहर्जसम्म एउटै मात्र फ्रिक्वेन्सी प्रयोग गर्न सकिने र २० मेगाहर्जभन्दा माथि आर.एफ. व्याण्ड विथ ओगट्ने प्रति स्टेशनको लागि | रू. ३,०००।– |
| (१२) १५.३५ गिगाहर्जभन्दा माथि तर एउटै मात्र फ्रिक्वेन्सी प्रयोग गर्न सकिने र २० मेगाहर्जभन्दा कम आर. एफ. व्याण्ड विथ ओगट्ने प्रति स्टेशनको लागि | रू. १,०००।– |
| (१३) १५.३५ गिगाहर्जभन्दा माथि तर एउटै मात्र फ्रिक्वेन्सी प्रयोग गर्न सकिने | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

र २० मेगाहर्जभन्दा बढी आर. एफ. ब्याण्ड विथ ओगट्ने प्रति स्टेशनको लागि रू. १,५००।–

(७) पेजिंग सेवाको लागिः

(क) ५० वाटसम्म आर. एफ. पावर आउट पुट क्षमताको ट्रान्समिटरबाट २,००० गोटा सम्म पेजिंग रिसिभर प्रयोग गर्न सक्ने प्रणालीको लागि रू. २,०००।–

र २,००० गोटाभन्दा बढी पेजिंग रिसिभर प्रयोग गर्न सक्ने प्रणालीको लागि प्रत्येक थप रिसिभरको लागि रू. ५०।–

(ख) ५० वाटभन्दा बढी आर. एफ. पावर आउट पुट क्षमताको ट्रान्समिटरबाट ५००० गोटासम्म पेजिंग रिसिभर प्रयोग गर्न सक्ने प्रणालीको लागि रू. ४,०००।–

(ग) र ४००० भन्दा बढी पेजिंग रिसिभर प्रयोग गर्न सक्ने प्रणालीको लागि प्रत्येक थप रिसिभरको लागि रू. ५०।–

(घ) सार्वजनिक स्वीच्ड टेलिफोन नेटवर्क (पब्लिक सुइज्ड टेलिफोन नेट वर्क) सँग मिलान नगरी छुट्टै प्रणाली स्थापना भएकोमा माथि (क) र (ख) मा उल्लेखित दस्तूरको २० प्रतिशत अतिरिक्त दस्तूर समेत लाग्ने छ ।

(८) भित्री टि. भी. सेवाको लागिः रू. १,०००।–

(९) बहुकेन्द्र (मल्टिप्वाइण्ट वितरण प्रणालीको लागि):–

सार्वजनिक टेलिफोन स्वीच्ड नेटवर्कसंग मेल खाने प्रणालीको लागि प्रति आर. एफ. च्यानल रू. १,०००।–

तर सार्वजनिक टेलिफोन स्वीच्ड नेटवर्कसँग मेल नखाने भएमा, अतिरिक्त थप दस्तूर रू.



२८५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५०० – प्रति आर. एफ. च्यानल लाग्ने छ ।

(१०) रिपिटर स्टेशन प्रति आर. एफ. च्यानलको लागि रू. १००।–

(११) (क) बाहिरी प्रसारण टेलिभिजन स्टेशनको लागि रू. १,०००।–

(ख) बाहिरी प्रसारण रेडियो स्टेशनको लागि रू. ५००।–

(१२) रेडियो नेपिगेशन स्टेशनको लागि (प्रयोग गरेको प्रति फ्रिक्वेन्सी वापत) रू. २००।

(१३) रेडियो डिटरमिनेशन स्टेशनको लागि रू. २००।–

(१४) भि. एच. एफ. एअर कम्यूनिकेशन सेवा सार्वजनिक स्वीच्ड नेटवर्कमार्फत भै अन्य अन्तर्राष्ट्रिय नेटवर्कसँग मेल खाने भि. एच. एफ. ट्रान्समिटर वा ट्रान्सरिसिभर प्रणालीको लागि १० वाटसम्म आर. एफ. पावर आउट पुट क्षमताको भएमा रू. ५०,०००।–

र सो भन्दा बढी आर. एफ. पावर आउट पुट क्षमताको लागि रू. १,००,०००।–

(१५) गतिशिल वा अचल उद्धार योजना स्टेशनको लागि रू. ५०० –

(१६) कर्डलेस टेलिफोनको लागि रू. ५०० –

(आ) एमेच्योर रेडियो कन्ट्रोल अपरेटरको लागि रू. १०० –

(इ) एमेच्योर रेडियो सञ्चालनको लागि रू. ५०० –

(ई) रेडियो यन्त्र उत्पादन गर्नको लागि रू. २,००० –

(उ) रेडियो यन्त्र बिक्री वितरणको लागि रू. २,००० –

(ऊ) रेडियो (लाइसेन्स) नियमावली, २०४८ को अधीनमा रही विदेशी नागरिकहरूलाई कुनै रेडियो यन्त्र राख्न तथा प्रयोग गर्न पाउने गरी लाइसेन्स दिंदा खण्ड (अ), (आ) र (इ) मा उल्लेखित दस्तूरको चार दोब्बर परिवर्त्य विदेशी मुद्रा लाग्नेछ ।



२८५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची–८
(नियम १०(२) सँग सम्बन्धित)
लाइसेन्स नवीकरणको लागि
**दरखास्त**

श्री ... ... ... ...
... ... ... ...

मिति ... ... ... ... मा प्राप्त गरेको ... ... ... ... ... ... ... रेडियो यन्त्रको लाइसेन्स नवीकरण गर्नको लागि नियम १० (३) बमोजिम लाग्ने लाइसेन्स नवीकरण दस्तूर नियम १० (४) बमोजिम लाग्ने जरिवाना दस्तूर बुझाएको भौचर र सो लाइसेन्सको सक्कल प्रति समेत यसैसाथ संलग्न राखी नियम १०(२) बमोजिम सो लाइसेन्स नवीकरण गरी पाउनको लागि अनुरोध गर्दछु ।

दरखास्तवालाको
सहीः–
नामः–
ठेगानाः–
मितिः–

मुद्रण विभाग, सिंहदरबार

286



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची–९
(नियम १२ सँग सम्बन्धित)
लाइसेन्सको विवरण बदल्नको लागि
दरखास्त

श्री ... ... ...

मिति ... ... ... ... ... ... मा प्राप्त गरेको ... ... को लाइसेन्सको विवरण बदल्नु परेकोले नियम १२ (२) बमोजिम लाग्ने दस्तूर बुझाए भौचर र सो लाइसेन्सको सक्कल प्रतिसमेत यसै साथ राखी नियम १२ (१) बमोजिम सो लाइसेन्समा देहाय बमोजिमको विवरण बदल्नको लागि अनुरोध गर्दछु ।

लाइसेन्समा बदल्नु पर्ने विवरण

(क)
(ख)
(ग)
(घ)

दरखास्तवालाको

सही:–
नाम:–
ठेगाना:–
मिति:–

248



मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची–१०

(नियम १३ (१) सँग सम्बन्धित)

रेडियो यन्त्रको नामसारी गर्नको लागि

**दरखास्त**

श्री ... ... ... ...

... ... ... ... ... ... ... ... रेडियो यन्त्र मिति ... ... ... ... मैले श्री ... ... ... ... ... लाई हक छाडी दिएकोले मिति ... ... ... मा प्राप्त सो रेडियो यन्त्रको लाइसेन्स निजको नाममा नामसारी गरी दिन मेरो मञ्जूरी भएकोले सो रेडियो यन्त्रको लाइसेन्सको सक्कल प्रति यसै साथ संलग्न राखी नियम १३ (१) बमोजिम रेडियो यन्त्रको लाइसेन्स नामसारी गरी दिनको लागि अनुरोध गर्दछु ।

हक छाडी दिनेको

सही:–

नाम:–

ठेगाना:–

मिति:–

उपरोक्त बमोजिम श्री ... ... ... ... ...ले मलाई ... ... रेडियो यन्त्र हक छाडी दिनु भएकोले सो रेडियो यन्त्रको लाइसेन्स मेरो नाममा नामसारी गरी पाउनको लागि नियम १३(१) बमोजिम अनुरोध गर्दछु ।

हक पाउनेको

सही:–

नाम:–

ठेगाना:–

मति:–

आज्ञाले,

जीतबहादुर मानन्धर

श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको सूचना

श्री ५ को सरकारले मिति २०४६।२।२६ को निर्णयानुसार राष्ट्रिय कम्प्युटर विकास समिति (गठन) आदेश, २०३१ को दफा ३ को उपदफा २ (क) मा रहेको "सदस्य सचिव" राष्ट्रिय योजना आयोग अध्यक्ष को सट्टा "श्री ५ को सरकारले तोकेको व्यक्ति अध्यक्ष" गरी संशोधन गरेको छ ।

आज्ञाले,
रजनीनाथ प्याकुर्‍याल
श्री ५ को सरकारको अतिरिक्त सचिव

श्री ५ को सरकार

## गृह मन्त्रालयको सूचना

श्री ५ को सरकारले प्रहरी ऐन, २०१२ को दफा ३६ ले दिएको अधिकार प्रयोग गरी देहाय बमोजिमको केन्द्रीय प्रहरी विशेष अदालतको गठन गरेको छ ।

१. महान्यायाधिवक्ताको कार्यालयको मुख्य न्यायाधिवक्ता – अध्यक्ष
२. सह-सचिव, कर्मचारी प्रशासन महाशाखा, गृह मन्त्रालय – सदस्य
३. प्रहरी नायब महानिरीक्षक (कर्मचारी प्रशासन हेर्ने) प्रहरी प्रधान कार्यालय – सदस्य

आज्ञाले,
योगेन्द्रनाथ ओझा
श्री ५ को सरकारको सचिव

270



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

श्री ५ को सरकार

## अर्थ मन्त्रालयको सूचना

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ को उपदफा (१) र बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी सुक्ष्म जीव विज्ञान केन्द्रीय शिक्षण विभाग त्रिभुवन विश्व विद्यालयलाई जापानको मेसर्स टोयोको बाटानेवी टोकियोबाट जापानी येन १५००० मूल्य बराबरको उपहार स्वरूप प्राप्त हुने Used Spectrophoto Meter को पैठारीमा लाग्ने भन्सार महसुल तथा बिक्रीकर छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,
कृष्णप्रसाद अधिकारी
उप-सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार